"व्यावसायिक शिक्षा, स्वास्थ्य, कृषि, उद्यम र पूर्वाधार-ठाँटीकाँध गाउँपालिकाको समृद्धिका पाँच आधार"

गाउँपालिका अध्यक्ष श्री रक्ष बहादुर शाहज्यूले
ठाँटीकाँध गाउँपालिकाको गाउँसभाको १९ औं अधिवेशनको वैठकमा प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८३।०८४ को प्रस्तावित नीति तथा कार्यक्रम

## ठाटीकाँध गाउँपालिका
### लकान्द्र दैलेख

(मिति २०८३।०३।१० गते तदनुसार नेपाल सम्वत् ११४६ तछलाथ्व दशमी, बुधवार)

मिति : २०८३ आषाढ १० गते

नेपाल सम्वत् ११४६ तछलाथ्व दशमी, बुधवार

समय : विहान ११·० वजे

स्थान: गाउँपालिका कार्यालयको सभाहल,

ठाटीकाँध गाउँपालिका लकान्द्र दैलेख

गाउँसभाको यस गरिमामय १९ औं अधिवेशनमा उपस्थित गाउँपालिका उपाध्यक्ष ज्यू

वडा अध्यक्ष ज्यूहरु,

कार्यपालिका सदस्य ज्यूहरु,

गाउँसभाका सदस्य ज्यूहरु,

प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत सम्पूर्ण कर्मचारीहरु।

समृद्ध र आत्मनिर्भर ठाँटीकाँधको परिकल्पना सहित "व्यावसायिक शिक्षा, स्वास्थ्य, कृषि, उद्यम र पूर्वाधार- ठाँटीकाँध गाउँपालिकाको समृद्धिका पाँच आधार" भन्ने मूल नाराका साथ संचालन हुन गईरहेको यस गाउँपालिकाको गाउँसभाको उन्नाईसौं अधिवेशनको प्रथम वैठकमा म गाउँसभाका सबै सदस्य ज्यूहरुप्रति हार्दिक सम्मान सहित सवैलाई स्वागत अभिवादन गर्दछु । पुरातात्त्विक,ऐतिहासिक, साँस्कृतिक एवम् प्राकृतिक सम्पदाले वैभवशाली यस गाउँपालिकाको आर्थिक, सामाजिक रुपान्तरणका लागि आर्थिक वर्ष २०८३।०८४ को प्रस्तावित नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा खुशी लागेको छ। यस पुनित अवसरमा म नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित,स्वाभिमान, संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्ति र मुलुकको दीर्घकालीन समुन्नतिका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात महान शहिदहरु प्रति भावपूर्ण श्रद्धा सुमन अर्पण गर्दछु।

जनताका चाहना र विकासप्रतिको अभिरुचि व्यापक छ तर सो चाहनालाई परिपूर्ति गर्ने श्रोत साधन हामीसँग अत्यन्तै न्यून छ। सिमित श्रोत र साधनको समुचित र समन्यायिक वितरण गरी जनताका असिमित चाहना पुरा गर्नुपर्ने वाध्यात्मक परिस्थिति हाम्रा सामु विद्यमान छ। तसर्थ सिमित श्रोत र साधनलाई विनियोजन गर्दा प्राथमिकताका आधारमा छनौट गरी समुदायको अधिकतम् जनसहभागिता, सहकार्य तथा सामुहिक स्वार्थ र साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने टड्कारो आवश्यकता रहि आएको छ । प्रस्तुत नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सम्पूर्ण राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्था, समाजसेवी, बुद्धिजिवी, विकासप्रेमी व्यक्तित्वहरु तथा निर्वाचित जनप्रतिनिधिज्यूहरुसँग सहयोग र सहकार्यको सकारात्मक सहयोगको अपेक्षा समेत गरिएको छ।

लोकतान्त्रिक गणतन्त्रको स्थापना पश्चात् तीन तहको संघात्मक व्यवस्था भएको हाम्रो मुलुकमा कानुनत: स्थानीय तह पनि एक सरकारको रुपमा स्थापित भई जननिर्वाचित स्थानीय सरकारवाट जनचाहना अनुरुपका समुदायलाई प्रत्यक्ष रुपमा अग्रगामी परिवर्तन तर्फ लैजाने आर्थिक समुन्नति, समृद्धि र सहज जीवनयापनको चाहना पूरा गर्ने नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्नु हामी जनप्रतिनिधिहरुको नागरिक प्रतिको उत्तरदायित्व हो। संविधानको मर्म र भावना अनुसार संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन पक्षमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह बिचको सह-अस्तित्व, समन्वय र सहकार्यमा गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक एवं भौतिक पूर्वाधार विकास,परिवर्तन र समृद्धिको लागि यस गाउँसभाले मार्गदर्शन गर्ने विश्वास लिएको छु। सोही अनुसार न्यून श्रोत साधनको अधिकतम परिचालन गरी नागरिकहरुका असिमित आवश्यकताहरु पुरा गर्ने मनसायका साथ गाउँपालिकाको तर्फवाट आगामी आर्थिक वर्ष २०८३।०८४ का लागि प्रस्तावित नीति तथा कार्यक्रम यस सम्मानित गाउँसभाको बैठकमा पेश गर्ने अनुमति माग्दछु।

**गाउँ सभाका सदस्य ज्यूहरु,**

"व्यावसायिक शिक्षा, स्वास्थ्य, कृषि, उद्यम र पूर्वाधार-ठाँटीकाँध गाउँपालिकाको समृद्धिका पाँच आधार" भन्ने मूल नाराका साथ संचालन हुन गैरहेको यस गाउँसभाको १९ औं अधिवेशनको मा गाउँपालिकाको समग्र विकास कार्यक्रमलाई योजनाबद्ध, व्यवस्थित र प्रभावकारी रुपमा अगाडि बढाउन नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको योजना तुर्जमा दिग्दर्शन २०७८, नेपाल सरकारवाट र कर्णाली प्रदेश सरकारवाट प्राप्त मार्गदर्शन, दिगो विकासका लक्ष्य, १६ औं आवधिक योजना, कर्णाली प्रदेश सरकारको दोश्रो पञ्चवर्षीय योजना,गाउँपालिकाको आवधिक योजना, विषय क्षेत्रगत योजना समेतलाई मध्यनजर गरी आम नागरिकको माग, आवश्यकता, गाउँपालिकामा प्राप्त श्रोत र साधनको अवस्था, विकास साझेदारको समन्वय र सहयोगमा समावेशी, समन्यायिक, वातावरण अनुकूलन र सुशासनयुक्त विकास लगायत विपद् व्यवस्थापन, स्थानीय स्तरका नागरिकहरुको लागि रोजगारी श्रृजना र आयआर्जन वृद्धि गर्ने खालका कार्यक्रम अगाडि वढाउन कार्यपालिकाबाट स्वीकृत भई आएको आगामी आ.व. २०८३।०८४ को प्रस्तावित नीति तथा कार्यक्रम यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु ।

**गाउँ सभाका समादरणीय सदस्य ज्यूहरु,**

स्थानीय तहको दोस्रो निर्वाचन पश्चात् गठन भएको स्थानीय सरकारको कार्यकालको चौथो वर्षसम्म प्राप्त अनुभवहरुको आधारमा सामाजिक, आर्थिक, सांस्कृतिक विकासको दृष्टिले पछाडि परेका वर्ग,आदिवासी/जनजाति, महिला, दलित, असहाय, अपाङ्ग, विपन्न वर्गलाई विकासको प्रत्यक्ष प्रतिफल दिलाउनु, उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्नु, ऐतिहासिक, धार्मिक तथा पुरातात्विक सम्पदाको संरक्षण गर्नु, शैक्षिक गुणस्तरमा सुधार ल्याउनु, विकास प्रकृयामा जनतालाई अर्थपूर्ण सहभागी वनाई पालिकामा रोजगारी सृजना गर्नु, आम नागरिकको जीवनस्तरमा सुधार गर्नु, भौतिक पूर्वाधार विकासमा लगानी वृद्धि गर्नु, राजनीतिक दल, नागरिक समाज र गैरसरकारी संस्था वीच विकासका साझा एजेण्डा तयार पार्नु लगायत ठाँटीकाँध गाउँपालिकाको आन्तरिक श्रोत वृद्धि गर्नु जस्ता विकास प्रकृयाका सवालहरु हाम्रो सामु चुनौतीको रुपमा उभिएका छन् । यस प्रकारका चुनौतीहरुलाई अवसरमा परिणत गरी हरेक नागरिकले खुशी प्राप्त गर्न सके उपलब्धि हुनेछ भन्ने विश्वास लिएको छु।

आम गाउँपालिकावासी नागरिक समाज, जनप्रतिनिधिहरु बिच विकास निर्माणमा देखिएको समन्वय, सहमति र सहकार्य विभिन्न विकास साझेदार संस्थाहरु, सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले विकास कार्यमा देखाएको अभिरुचि, प्राकृतिक श्रोत, जैविक विविधता, गाउँपालिकाको भौगोलिक अवस्था र विविधतायुक्त हावापानी, आर्थिक केन्द्रहरुको वृद्धि र विकास, सहकारी क्षेत्रको विकास, पूर्वाधार विकास जस्ता पक्षहरुलाई विकासका अवसरको रुपमा लिईएको छ । यसैगरी यी अवसरहरुको सदुपयोग गर्दै सरोकारवालाहरुसँगको सहकार्य, समन्वय र सहभागिताको आधारमा विकास निर्माण प्रकृया अगाडि वढाउन सकेमा गाउँपालिकाले दिगो र जनमुखी विकास गर्न सक्ने कुरामा म विश्वस्त छु ।

यस पालिकाबाट जनतालाई प्रवाह गरिदैं आएको सेवामा प्रभावकारिता ल्याउन विषयगत कार्यालयहरु र शाखाहरु बिच भएको प्रभावकारी समन्वय एवं सवै प्रकारका विकास कार्यक्रमहरुमा नागरिक समाज, सञ्चार जगत र निजी क्षेत्रवाट हामीलाई प्राप्त भईरहेको सृजनात्मक सहयोग प्रशंशनीय छ । गाउँसभाको १९ औं अधिबेशन संचालन गर्ने क्रममा नेपालको वर्तमान संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ का आधार र योजना तर्जुमा चरणहरुलाई पुरा गर्नुका साथै गाउँपालिकामा क्रियाशील राजनीतिक दल, दातृनिकाय, गैरसरकारी संस्था, नागरिक समाज, पत्रकार, प्रवुद्ध वर्ग तथा आम जनसमुदायबाट प्राप्त भएको रचनात्मक सुझाव, सल्लाह र सहयोगलाई समेत मध्यनजर गरिएको छ । यस कार्यमा सहयोग प्रदान गर्नु हुने सबै महानुभावहरु प्रति हार्दिक धन्यबाद व्यक्त गर्दै भविष्यमा समेत रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।

गाउँसभाको यस ९९ औं अधिवेशनले तयार गरेको आगामी आ.व.२०८३।०८४ को वार्षिक वजेट तथा कार्यक्रमले आगामी दिनमा गाउँपालिकाको दिगो विकासको खाका निर्माण, स्थानीय रोजगारी र आयमुलक कार्यमा विपन्न र सिमान्तकृत वर्ग र समुदायको सहभागितामा नागरिकहरुमा सचेतना अभिवृद्धि गर्नुका साथै प्रभावकारी सेवा प्रवाहका माध्यमबाट संस्थागत सुशासन कायम गर्ने, नव प्रवर्तनात्मक कृयाकलापहरु सञ्चालनका लागि समुचित वातावरण सृजना हुने, स्थानीय अनुकुलन र वातावरण संरक्षण लगायतका क्षेत्रमा सकारात्मक रुपान्तरण भई महिला, दलित, जनजाति, पिछडिएको वर्ग तथा सीमान्तकृत समुदायको जीवनस्तरमा महसुस गर्न सकिने परिवर्तन हुने अपेक्षा लिईएको छ ।

**आदरणीय गाउँ सभाका सदस्य ज्यूहरु,**

आगामी आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रमको तर्जुमा गर्दा नेपालको संविधान, दिगो विकासका लक्ष्यहरु, चालु १६ औं पञ्चवर्षीय योजना, स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनहरु, विभिन्न राजनीतिक दलहरु, नागरिक समाज, पत्रकार, वुद्धीजिवीहरु तथा विकास साझेदारहरुबाट प्राप्त सुझावहरु लगायत ठाँटीकाँध गाउँपालिकाको आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक तथा साँस्कृतिक अवस्था लगायत आन्तरिक आम्दानीलाई समेतलाई विश्लेषण गरी सोहि बमोजिम नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

**सम्मानित सभाका सदस्य ज्यूहरु,**

अव म आगामि आर्थिक वर्ष ०८३।०८४ का लागि गाउँपालिकाले अवलम्वन गर्ने मुख्य मुख्य क्षेत्रगत नीतिहरु प्रस्तुत गर्दछु।

## १. आर्थिक विकास सम्वन्धी नीतिहरु

### १.१ कृषि तथा पशुपंक्षी विकास सम्वन्धी नीतिहरु

१.१.१ जलवायु परिवर्तन र प्रतिकूल मौसमका कारण मानव जीवनमा निम्त्याउन सक्ने खाद्यान्नको अभाव र भोकमरीको अवस्थालाई मध्यनजर गरी साना तथा मझौला कृषि पकेट क्षेत्रको विकास गर्नका लागि तरकारी पकेट क्षेत्र विकास कार्यक्रम संचालन गरिनेछ ।

१.१.२ सुन्तला उत्पादनको प्रचुर सम्भावना रहेको यस पालिकाका विभिन्न वडाहरुमा सुन्तलाको व्यावसायिक उत्पादन गर्दै कृषकलाई आत्मनिर्भर बनाउने उदेश्यले सुन्तला पकेट क्षेत्र विकास कार्यक्रम संचालन गरिनेछ।

१.१.३ "एक वडा एक कृषि उत्पादन" कार्यक्रमको अवधारणालाई थप ब्यवस्थित गर्दै कृषि उत्पादकत्व बृद्धि गरी यस पालिका क्षेत्रलाई अर्गानिक तरकारी, फलफूल, खाद्यान्न, दुध र मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउने नीति लिइनेछ भने यसका लागि विभिन्न विकास साझेदारहरुसँग आवश्यक समन्वय,साझेदारी तथा सहकार्य गरिनेछ।

१.१.४ विभिन्न विकास साझेदार संस्थाहरुसँगको सहकार्यमा कृषि उत्पादनमा हुने जोखिम न्यूनीकरण र क्षति व्यवस्थापन गर्न जलवायु मैत्री स्थानीयकृत कृषि विमा र कृषक मौसम सल्लाह सेवा लागू गरिनेछ ।

१.१.५ कृषिलाई गाउँपालिकाको जीविकोपार्जनको मुख्य आधार मानी संस्थागत तथा संरचनागत सुधारका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१.१.६ गाउँपालिकाको विभिन्न भौगोलिक क्षेत्रको सम्भाव्यता अध्ययन गरी जलवायू अनुकूलनताका आधारमा उपयुक्त व्यावसायिक कृषि पकेट बस्तु क्षेत्रको विकास गर्न एकिकृत प्याकेज कार्यक्रम लागु गरिनेछ । यसमा कम आयतन बढी मुल्य पर्ने अलैँची खेती, च्याउ,कफी,केरा, आँप, किवि, एभोगाडो, लिची, नास्पति, हलुवावेद, ओखर, अनार तथा अमिलो जातका फलफूल, बेमौसमी तरकारी खेती, तरकारी बिउ उत्पादन, मौरी पालन, मसला बाली प्रवर्द्धन जस्ता कार्यक्रम विकास साझेदार संस्था मार्फत पहल गरिनेछ ।

१.१.७ किसानको उत्पादनलाई खेर जान नदिन उत्पादित वस्तुको बजार व्यवस्थापन, सुरक्षित भण्डारणको लागि निर्माण भएको संकलन केन्द्र सहकारी मार्फत संचालनमा ल्याउने प्रयास गरिनेछ।

१.१.८ कृषकलाई तरकारी खेति, च्याउ खेति, विषादीको न्यून प्रयोग, जैविक विषादी निर्माण र प्रयोग सम्वन्धी तालिमका साथै स्थानीय स्रोत व्यक्तिको तयार गरिनेछ।

१.१.९ लोप उन्मुख रैथाने बालीको संरक्षण तथा प्रवर्द्धन गर्न किसानहरुलाई स्थानीय स्तरमा उत्पादित रैथाने वीउ विजन वितरण गर्ने ब्यवस्था मिलाईनेछ। ।

१.१.१० "बाँझो जमिनको उपयोग, उत्पादनमा सहयोग" भन्ने सोचका साथ बाँझो जग्गामा खेतीका लागि प्रोत्साहन कार्यक्रमहरू संचालन गरिने छ।

१.१.११ बेमौसमी तरकारी खेतीलाई व्यावसायिक र दिगो बनाउन प्रविधिको व्यापक विस्तार गर्नको लागि प्रविधि विस्तार कार्यक्रम संचालन नीति ल्याइने छ।

१.१.१२ जैविक विविधताको संरक्षण गर्दै कृषि वन प्रणालीको माध्यमबाट कृषि र वातावरण क्षेत्रको सन्तुलन कायम गरिने छ।

१.१.१३ कृषि, पशुपन्छी तथा जडीबुटी बिमा कार्यक्रम सञ्चालन तथा कृषकलाई कृषि बिमा गर्न प्रोत्साहन गर्ने ।

१.१.१४ कृषकहरुको ज्ञान, सिप तथा क्षमतामा बृद्दि गर्न गाउँपालिकाका व्यबसायिक कृषकहरुलाई देशका विभिन्न स्थानमा रहेका कृषि फर्म तथा कृषि अनुसन्धान केन्द्रको भ्रमणको व्यबस्था मिलाउन गैर सरकारी संस्थाहरुसँग समन्वय गरिने छ ।

१.१.१५ कृषि क्षेत्रको उत्पादन बृद्धि गराउन भौगोलिक स्थिति अनुसार स्थानीयस्तरमा उपलब्ध जलश्रोत मुहानलाई साना सिँचाई, स्वाइल सिमेन्ट प्लाष्टिक पोखरी, थोपा सिँचाइ, रिचार्ज पोखरी प्रयोगमा ल्याउन जोड दिइनेछ। साथै सिंचाई सुविधा नपुगेको जमिनमा सिँचाई सुविधाको लागि साना सिँचाई कार्यक्रम संचालनका लागि विकास साझेदारसँग सहकार्य गरिने छ, जसले रोजगारीको अवसर सिर्जना गरी गरिबी निवारणमा टेवा पुग्नेछ।

१.१.१६ कृषि पेशा व्यवसायमा संलग्न किसानहरुलाई प्रोत्साहन गर्न क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।

१.१.१७ मौसम तथा अन्य प्रकोपको उतारचढावको अवस्थामा आधा हेक्टरभन्दा कम जमिन भएका र वर्षभरी सिमान्तकृत कृषकहरुको लागि खाद्य तथा पोषण सुरक्षा विकास कार्यक्रम संचालन गरिने छ।

१.१.१८ व्यावसायिक कृषि उत्पादनका सम्भाव्य क्षेत्रहरुमा कृषि प्राविधिक प्रसार सेवा निशुल्क उपलव्ध गराउन निजी क्षेत्र, सहकारी क्षेत्र तथा गैरसरकारी क्षेत्रलाई आकर्षित गरिनेछ।

१.१.१९ किसानका खेतबारीमा देखिएका समस्या तत्काल समाधान गर्न विकास साझेदार गैससहरु समन्वयात्मक पहल ल्याइनेछ ।

१.१.२० गाउँपालिका र विभिन्न वित्तीय संघ संस्थाको समन्वय र सहकार्यमा किसानलाई कृषि कर्जाका लागि पहल गरिने छ।

१.१.२१ कृषकको ज्ञान, सिप र दक्षतामा बृद्दि गर्न गाउँपालिका तथा वडा स्तरिय विभिन्न तालिम, कृषक पाठशाला, गोष्ठी संचालन गर्ने व्यवस्था मिलाइने छ।

१.१.२२ पशुपालन व्यवसायलाई आर्थिक विकासको मेरुदण्डको रुपमा विकास गर्ने नीति लिइनेछ ।

१.१.२३ पशु स्वास्थ्य कार्यक्रम अन्तर्गत बिरामी पशुको औषधि उपचार, रोग निरोधक खोप, महामारी नियन्त्रण कार्यक्रम नियमित रूपमा सञ्चालन गरिनेछ। साथै सेवाको पहुँचबाट टाढा रहेका क्षेत्रमा निःशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

१.१.२४ निर्वाहमुखी तथा परम्परागत पशुपालनलाई आधुनिक एबं व्यवसायिक पशुपन्छी पालनको रूपमा विकास गरी दूध, मासु र अण्डामा आत्मनिर्भर गराइनेछ ।

१.१.२५ पशु उत्पादनमा देखिएको उच्च लागतलाई न्यूनीकरण गर्न घाँसमा आधारित पशुपालनलाई जोड दिइनेछ। जसका लागि वर्षै भरी हरियो घाँस उत्पादन गर्न उन्नत जातको घाँस खेती लाई उच्च महत्त्व दिई घाँसको बीउ तथा बेर्ना वितरणका लागि पहल गरिनेछ।

१.१.२६ पशुपालनको उत्पादन तथा उत्पादकत्व को दिगो बृद्धि गर्न पशु नश्ल सुधार तथा जातीय सुधारको नीति अबलम्बन गरिनेछ।

१.१.२७ पशुबस्तुको स्रोत केन्द्र स्थापना गर्न गाई, भैंसी र बाख्राको पकेट क्षेत्र छनौट गरी कृषक समूह, पशुपालन सहकारी तथा सहकारी मार्फत दूध उत्पादन कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ।

१.१.२८ पशु बस्तुको रोग निदान तथा माइनर सर्जरीका लागि मिनी ल्याबलाई प्रभावकारी बनाईनेछ साथै रोग निदानको लागि पशु वस्तुको नमूना संकलन गरी क्षेत्रीय, केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा पठाईनेछ।

१.१.२९ पशु उत्पादन बजारीकरणका लागि डेरी पसल स्थापना, मासु पसल सुधार, र दूध संकलन केन्द्र स्थापना गर्न आबश्यक पहल गरिनेछ।

१.१.३० कृषकहरुका लागि आवश्यकता अनुसार व्यवसायिक पशुपालन तालिम, उन्नत घाँस खेती तालिम, सन्तुलित पशु आहारा बनाउने तालिम तथा पशु बीमा सम्बन्धी तालिमको व्यवस्था गरिनेछ।

१.१.३१ पशु स्वास्थ्य नियमन कार्यक्रम अन्तर्गत पशु औषधि पसल, पशुपन्छी फर्म, मासु पसल को तथ्याङ्क संकलन, अनुगमन, निरीक्षण गरिनेछ।

१.१.३२ विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँगको लागत साझेदारीमा युवावर्गलाई पशुपालन क्षेत्रमा आकर्षण गरी स्वदेशमै रोजगारीका अवसरहरू सृजना गर्न युवाहरुको लागि युवा लक्षित पशुपालन कार्यक्रम नामक नीति अवलम्बन गरिनेछ।

१.१.३३ पालिका भित्र पशुपन्छीसँग सम्बन्धित दिवस, सप्ताह, अभियान तथा शिविर जस्ता सचेतनामुलक कार्यक्रम प्रभावकारी ढंगले सञ्चालन गरिनेछ।

१.१.३४ पशुपन्छीका महामारी तथा जनस्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने रोगहरूको निवारण र उन्मुलनको लागि कार्ययोजना तर्जुमा गरी लागू गरिनेछ।

१.१.३५ उच्च मूल्यका पशुपन्छी जस्तै कालिज, टर्की, बँदेल आदिको उत्पादन एबम् उत्पादकत्व वृद्धि गर्न उपयुक्त पद्दति अबलम्बन गरिनेछ।

१.१.३६ भूमिहिन दलित,भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुका लागि भुमि समस्या समाधान आयोगसँगको समन्वयमा जग्गाधनी प्रमाणपुर्जा दिने व्यवस्था गरिने छ।

१.१.३७ पालिका भित्र औषधिजन्य विरुवा सतुवा, पाँचऔले, कालो वेसार, सितल चिनी जातका विउ किसानका लागि उपलब्ध गराई किसानलाई आत्मनिर्भर गराउने नीति अवलम्बन गरिने छ।

## १.२ उद्यम विकास सम्वन्धी नीतिहरु

१.२.१ स्थानीय स्तरमा प्राप्त स्रोत साधनको समुचित प्रयोग गरी राष्ट्रिय औद्योगिक नीति लाई टेवा पुग्ने गरी स्थानीय स्तरमा नीति तथा कार्यक्रम संचालन गरिने छ।

१.२.२ लघु, तथा घरेलु उद्योग लाई विकास तथा विस्तार गर्ने विभिन्न खालका व्यवसायिक सीप मूलक तालिम संचालन लाई निरन्तरता दिईनेछ।

१.२.३ दक्ष प्रशिक्षकको रोस्टर तयार गरी प्रशिक्षक प्रशिक्षण तालिम संचालन गरिने छ।

१.२.४ यस पालिकामा प्रशस्त मात्रामा संभावनामा रहेको खनिज जन्य उद्योग काईनाइट, चुनढुङ्गा, फलाम,तामा खानीको उत्खन्नका लागि संभाव्यता अध्ययनका लागि नेपाल सरकार, प्रदेश सरकार तथा सम्बद्व निकायहरु सँग सहयोगका लागि अनुरोध गरिने छ।

१.२.५ उद्यमशिलता विकास तालिम मार्फत उद्यमीहरु सिर्जना गरी लक्षित वर्गलाई ब्यवसाय तर्फ आकर्षित गर्ने नीति लिईने छ।

१.२.६ पालिका स्तरिय औद्योगिक नीति तयार गरी उद्योग,वाणिज्य, निजी तथा सार्वजनिक क्षेत्रमा आर्कषण तथा संरक्षणको व्यवस्था गरिने छ।

१.२.७ यस ठाटीकाँध गाउँपालिकामा संचालनमा रहेका सवै उद्योग ब्यवसायलाई दर्ता तथा करको दायरामा ल्याउन आवश्यक पहल तथा नीति तयार गरी कार्यान्वयन गरिनेछ।

१.२.८ उद्योग तथा वाणिज्य तर्फका हाल सम्म नविकरण नगरेका सम्पूर्ण दर्ता ब्यवसाय लाई नविकरणका लागि हर्जाना दस्तुरमा २० प्रतिशत छुटको ब्यवस्था गरी नविकरण गर्न प्रोत्साहन गरिनेछ।

१.२.९ ब्यवसाय दर्ता तथा नविकरणका लागि पालिकाका सम्पूर्ण वडाहरुमा ब्यवसाय दर्ता तथा राजश्व संकलन घुम्ती शिविर अभियान संचालन गरिने छ।

१.२.१० विभिन्न सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरी परम्परागत कलात्मक व्यवसाय पंचेवाजा, हुड्केली, ढाल तरवार, मारुनी नाँच, कौडा, मागल, छैटी, भैली लाई पुन संचालन गरी उनीहरुको व्यवसायलाई थप सुधारका लागि आवश्यक पहल गरिने छ।

१.२.११ लघु उधम विकासका विभिन्न मोडेलहरु अवलम्वन गरी उद्यम विकास सम्बन्धी सेवाहरुलाई एकीकृत रुपमा प्रदान गरिने छ।

१.२.१२ उद्यमशिलता मार्फत गाउँपालिका भित्र रहेका युवा तथा लक्षित वर्गलाइ आत्मनिर्भर बनाउन जोड दिइनेछ।

१.२.१३ बजारको मागका साथै श्रोतसाधनको उपलब्धता र जनचाहनामा आधारित उद्यम स्थापना तथा विकास र उद्यमीहरुको स्तरोन्नति गरिनेछ।

१.२.१४ पालिकामा औद्योगिक ग्राम स्थापना गर्न आवश्यक पूर्वाधार निर्माणको लागि आवश्यक पहल गरिने छ।

१.२.१५ लघु उद्यमीहरुले उत्पादन गरेका बस्तुहरुको बजारीकरण तथा प्रवर्द्वन गर्न कोसेली घरको अवधारणा अनुसार कार्यान्वयन तथा सञ्चालन गर्न विशेष पहल गरिनेछ।

१.२.१६ लक्षित वर्ग तथा पहिचान भएका गरिब घरधुरीका लागि विभिन्न सिपमुलक तालिम तथा आय आर्जनमूलक तालिमको व्यवस्था गरिनेछ।

१.२.१७ विभिन्न विकास साझेदारहरुसँगको समन्वयमा स्वरोजगारमूलक उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१.२.१८ हाटवजार संचालनका लागि संरचना निर्माण गर्न आबश्यक समन्वय गरिनेछ।

१.३ **रोजगार सेवा केन्द्र सम्वन्धी नीतिहरु**

१.३.१ आ.ब. २०८३/८४ मा रोजगार सेवा केन्द्रलाई सिप तथा उधमशिलता विकास केन्द्रको रुपमा रुपान्तरण गरी रोजगार सीप तथा उद्यमशिलता सम्बन्धी कार्यलाई एकिकृत गरी सेवा प्रवाह गरिनेछ।

१.३.२ स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनका लागि सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए सम्म श्रममुलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ। बेरोजगार व्यक्तिहरुको सूचि अद्यावधिक र व्यवस्थित गरिनेछ।

१.३.३ संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ। गरिवी न्यूनीकरण तथा रोजगारीका अवसर वृद्धि गर्न पहलकदमी चालिनेछ।

१.३.४ ठाटिकाँध गाउँपालिकालाई बेरोजगारी समस्याको न्यूनिकरण गर्न सरकारी, नीजि र गैह्र सरकारी निकायसँग आवश्यक पहल गरिने छ।

१.३.५ स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्युनतम् रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरी श्रममूलक योजना मार्फत समुदायको विकाससंगै सामाजिक सुरक्षाको प्रत्याभूति गराइने छ।

१.३.६ दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन गर्न आवश्यक सीप पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिई स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ।

१.३.७ स्वरोजगार उन्मुख जीवनशैली,उपर्युक्त पारिश्रमिक र सामाजिक संरक्षणको प्रत्याभुति हुने वातावरण सृजना गर्ने गाउँपालिकाको नीति हुनेछ।

१.३.८ संघ प्रदेश र स्थानीय तहद्धारा बिनियोजित बजेटबाट सञ्चालित आयोजनाहरुमा सुचिकृत कामदारहरुलाई सहभागी गराई अधिकतम १०० दिनको रोजगारी निरन्तरता दिइनेछ।

१.३.९ कामदारको ज्याला बापतको रकम कामदारको बैंक खाता मार्फत भुक्तानी गर्ने कार्यलाई निरन्तरता दिईने छ।

१.३.१० वैदेशिक रोजगारीलाई सुरक्षित र सीपयुक्त बनाउन तथा उनीहरुको सीप र पुँजीको उपयोग गरी गाउँमा नै व्यावसायिक बनाउन उनीहरुको सामाजिक तथा आर्थिक पुनः एकीकरणका लागि विभिन्न गतिविधिहरुलाई विशेष प्राथमिकतामा राखिनेछ। यसका लागि गाउँपालिकाको श्रम आप्रवासन नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१.३.११ स्थानीय तहमा रहेका सीप विकास उद्यमशीलता र रोजगारीको तथ्यांक संकलन र विश्लेषण गरी अवसरहरुको पहिचान गर्न, स्थानीय माग र आवश्यकताको आधारमा श्रम बजारको नीति बमोजिम कार्यक्रम र बजेट निर्माण गर्न,नागरिकलाई व्यावसायिक सीप विकास, रोजगारी प्रबर्द्धन, उत्पादनशील रोजगारी सिर्जना,उधमशिलता प्रबर्धन, स्वरोजगारी, बैदेशिक रोजगारीमा जानेलाई दिईने सेवालाई प्रभावकारी कार्यान्वयनका लागि स्थानीय रोजगार रणनीति तयार पारी लागु गरिनेछ।

१.३.१२ विपन्न तथा गरिवीको दुष्चक्रमा परेका घरधुरीहरुको तथ्याङ्क संकलन गरी उनीहरुको आर्थिक तथा सामाजिक विकासको लागि स्वरोजगारमुलक र सिपमुलक कार्यक्रम संचालन गरिनेछ।

## २ **सामाजिक विकास सम्वन्धी नीतिहरु :**

### २.१ आधारभूत स्वास्थ्य तथा सरसफाई सम्वन्धी नीतिहरु

२.१.१ नेपालको संविधानको धारा ३५ र आधारभूत स्वास्थ्य सेवा प्याकेज २०७५ अनुरुप गाउँपालिका बासी सबै नागरिकहरुलाई निःशुल्क, गुणस्तरिय आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गरिनेछ।

२.१.२ स्वास्थ्य सेवाको प्रर्वद्धन तथा प्रतिकारात्मक स्वास्थ्य सेवाका लागि पालिकास्तरबाट महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका, स्वास्थ्यकर्मीहरु परिचालन गरी स्वस्थकर जीवनशैलीलाई प्रर्वद्धन गर्दै बिद्यमान सरुवा रोगहरुको प्रकोपदर घटाउदै लैजाने तथा हाल क्रमश बढ्दो क्रममा रहेका नसर्ने रोगहरुको, शीघ्र पहिचान, उपचार तथा रोकथाम प्रेषण सेवालाई व्यवस्थापन गरिनेछ।

२.१.३ बिद्यमान संचालनमा रहेको लकान्द्र प्राथमिक स्वास्थ्य केन्द्रको स्वास्थ्य सेवाको बिस्तारका लागि संघ तथा प्रदेश सरकार सँग समन्वय गरी भौतिक पुर्वाधार निर्माण, जनशक्ति तथा आवश्यक औजार उपकरणहरुको व्यवस्थापन गरी निर्माण कार्य सम्पन्न भईसकेपछि १५ शैयाको आधारभूत अस्पतालबाट नियमित स्वास्थ्य सेवा प्रवाह गर्न पहल गरिनेछ।

२.१.४ आधारभुत स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रको नियमित र गुणस्तरिय स्वास्थ्य सेवा प्रवाहका लागि न्यूनतम सेवा मापदण्ड अनुसारको अत्यावश्यक मेडिकल / सर्जिकल सामाग्रीहरुको आवश्यकताका आधारमा खरिद तथा व्यवस्थापन गरिनेछ।

२.१.५ सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरकिशोरी प्रजनन् स्वास्थ्य सेवा लगायत प्रवर्द्धन, प्रतिकारात्मक स्वास्थ्य सेवाको बिस्तार गरी मातृ, नवशिशु र बाल मृत्युदर घटाउदै लगिनेछ।

२.१.६ आमा तथा नवशिशु कार्यक्रम निर्देशिका २०७८ अनुरुप गर्भवती जाँच र सुत्केरी पश्चातको जाँच सेवा बढाउन स्वास्थ्यकर्मीहरुलाई बिशेष स्थलगत अनुशिक्षण गरी शत प्रतिशत संस्थागत सुत्केरी र सवै वर्थिंग सेन्टरबाट दक्ष प्रसूतिकर्मीद्धारा सुरक्षित प्रसूति सेवा प्रवाहको सुनिश्चित गरिनेछ।

२.१.७ "स्वास्थ्य अनुसन्धान " सेवालाई विस्तार गर्नुका साथै बिद्यमान स्वास्थ्य नीति, ऐन र कार्यविधिलाई आवश्यकताको आधारमा परिमार्जन गरी पालिकाबाट निर्माणहुने सवै नीतिहरुमा सम्भव भएसम्म स्वास्थ्य सेवा लाई प्रवर्द्धन गर्ने गरी तर्जुमा गरिने छ।

२.१.८ गाउँपालिका बासीको स्वास्थ्य बीमा सुनिश्चित गरी लक्षित बर्ग जस्तैः ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका नागरिक, किशोरकिशोरी, सिमान्तकृत, विभेदमा परेका, घाईतेको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिने छ। साथै स्वास्थ्य सेवा लाई सर्वसुलभ बनाउन स्वास्थ्य बिमा कार्यक्रम लागु भएको लकान्द्र प्राथमिक स्वास्थ्य सेवा केन्द्रको हातामा फार्मेसि संचालनका लागि औषधी खरिद व्यवस्थापन तथा आवश्यक जनशक्ति करारमा व्यवस्था गरी सेवा संचालन गरिनेछ र सो कार्य संचालनको लागि फार्मेसी संचालन निर्देशिका तयार गरी सोही अनुरुप कार्यान्वयन गरिनेछ।

२.१.९ निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको दर्ता, अनुमति, नविकरण, अनुगमन तथा नियमनका लागि निर्देशिका तयार गरी सोहि अनुरुप कार्यान्वयन गरिनेछ।

२.१.१० पालिकाले स्वास्थ्य क्षेत्रमा गर्ने लगानीलाई दिगो बनाउदै स्वस्थ र सुखी जीवन लक्षित सजग र सचेत नागरिक बनाउन रणनीति र लगानीको लागि पहल गरिनेछ।

२.१.११ स्वास्थ्यकर्मीको सुरक्षा, समुदायको स्वास्थ्य क्षेत्रमा सहभागता र नागरिकको स्वास्थ्य सूचनाको हक सुनिश्चित गर्दै स्वास्थ्य क्षेत्रमा सुशासन, व्यवस्थापन गर्न पहल गरिनेछ।

२.१.१२ पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यबर्द्धक, पौष्टिक र स्थानीय स्तरमा उत्पादन हुने किट नाशक रहित रैथाने खाद्य बाली उत्पादन, प्रयोग र पहुँचलाई वृद्धि गर्न सम्बन्धित सरोकारवालासँग समन्वय गरिनेछ।

२.१.१३ पोषण मैत्री स्थानीय शासन अवलम्वनका लागि यस ठाटीकाँध गाउँपालिकाको समुदाय तथा वडा स्तरको महत्वपुर्ण वास्तविक लक्षित जनसंख्या एकिनका लागि श्रावण महिनामा टोल टोलमा महिला सामु दायिक स्वास्थ्य स्वयमसेविका परिचालन गरी लक्षित संख्या एकिन गरिने छ।

२.१.१४ पोषण अवस्था पहिचानका लागि ५ बर्ष मुनिका बालबालिका, गर्भवती तथा ६ महिना सम्मका स्तनपान गराईरहेका आमाहरूको पोषण अवस्था लेखाजोखाका लागि समुदायमा स्वास्थ्यकर्मीहरु परिचालन गरिने छ।साथै पहिचान भएका कुपोषित बालबालिका र स्तनपान गराईरहेका आमाहरूको पोषण सुधारका लागि कार्यक्रम सञ्चालन गरिने छ।

२.१.१५ गाउँपालिकालाई पुर्ण खोपयूक्त गाउँपालिका घोषणा गराउन तोकिएका लक्षित वर्गले समयमानै पुर्ण खोप पाएको सुनिश्चितता गराई दिगोपना कायम राख्न वडास्तरमा नियमित प्रभावकारी खोप कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२.१.१६ स्वास्थ्य क्षेत्रमा महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरुको योगदानलाई उच्च मुल्यांकन गर्दै महिला सामुदायीक स्वास्थ्य स्वयम सविका वीउ पुँजीकोषको लेखाजोखा गराई प्रतिवेदन तयार गरिने छ र वडा

तहका महिलास्वयम सेविकाहरुको छुट्टाछुटै कोष स्थापना तथा प्रभावकारी परिचालन गरिने छ। साथै स्वयमसेविकाहरु लाई विभिन्न प्रोत्साहनको कार्यक्रम ल्याईने छ

२.१.१७ राष्ट्रिय खोप तालिका अनुसार नियमित खोप सेवा (राष्ट्रिय खोप तालिका अनुसार), खोप अभियानहरु, राष्ट्रिय भिटामिन ए कार्यक्रम्, एच आईभि एड्स, कोरोना रोग (कोभिड १९), मानसिक रोग, अल्जाइमर्स, तथा लागुऔषध दुव्र्यसनि नियन्त्रणका तथा सचेतनामूलक दिवसिय कार्यक्रमहरुका लागि सम्बन्धीत साझेदार निकायहरुसँग आवश्यक समन्वय गरी कार्यक्रम् संचालन गरिनेछ । साथै जिल्ला बाट खोपको नियमित ढुवानी भईरहेको परिप्रेक्षमा खोपको खेर जाने दर बढी भएको हुँदा खोपको उचित व्यवस्थापन गरी पूर्णखोप सुनिश्चतता गर्न र खोप खेर जाने दरलाई कम गर्न पालिका तहमा कोल्डचेन व्यवस्थापनका लागि मापदण्ड अनुसारको कोल्ड स्टोर, कोल्ड चेन सामाग्रीहरुको व्यवस्थापन गरी संचालनमा ल्याईनेछ ।

२.१.१८ हाल संचालनमा रहेका खोप तथा गाँउघर क्लिनिक भवनहरुको अनुगमन गरी भौतिक संरचना नभएका केन्द्रहरुमा मापदण्ड अनुसारका संरचना निर्माण गर्ने व्यवस्था मिलाईनेछ ।

२.१.१९ स्वास्थ्य सेवामा सबैको पँहुच पुर्याउन सबै बस्तीहरुमा एम्बुलेन्स सेवा पुग्ने गरी पुर्वाधार निर्माण तथा स्तरोन्नतीका पहल गरिनेछ । साथै ठाटीकाँध गाउँपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुन नसकी सम्वन्धित स्वास्थ्य संस्थाको सिफारिसमा दुल्लु अस्पताल, जिल्ला अस्पताल दैलेख र प्रदेश अस्पताल सुर्खेत सम्मका लागि निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ ।

२.१.२० किशोर किशोरीहरुलाई प्रजनन् स्वास्थ्य शिक्षाका कार्यक्रमहरु सञ्चालन गरिनेछ र सुचिकृत भएको लकान्द्र प्राथमिक स्वास्थ्य सेवा केन्द्रमा किशोर किशोरीमैत्री कक्ष व्यवस्थापन गरिनेछ । साथै अन्य वडामा संचालनमा रहेका स्वास्थ्य संस्थाहरुमा समेत व्यवस्थापन गरी स्वास्थ्य संस्थालाई किशोरकिशोरीमैत्री बनाउदै लगिनेछ ।

२.१.२१ सुत्केरी पश्चातको घरभेट कार्यक्रम र मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य (MPDSR) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको अनुगमन र मूल्यांकनका लागि रणनीति निर्माण गरी सोही अनुसार गरिनेछ ।

२.१.२२ स्वास्थ्यकर्मिहरुको कार्यसम्पादन मुल्याङ्कनका आधारमा प्रोत्साहन गर्ने व्यवस्था मिलाईनेछ साथै क्षमता अभिवृद्धिका लागि बिभिन्न निकायहरुसँग समन्वय तथा सहकार्य गरिनेछ ।

२.१.२३ स्वास्थ्य क्षेत्रका सूचनाहरुको अभिलेख, प्रतिवेदन व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्था गरी स्वास्थ्य सेवा र सुचनालाई गुणस्तरिय तथा प्रविधीमैत्री बनाईनेछ ।

२.१.२४ पालिका लगायत अन्तर्गतका कार्यालयहरुमा महिला कर्मचारी तथा सेवाग्राहीहरुको सहजताका लागि स्तनपान कक्षको व्यवस्थापन गरिनेछ ।

## २.२ आयुर्वेद सेवा सम्वन्धी नीतिहरु

२.२.१ स्वस्थकर आहार, विहार र स्थानीय स्तरमा पाइने जडिवुटीको प्रयोग बाट नसर्ने रोगको व्यवस्थापनको लागि जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

२.२.२ आयुर्वेद, प्राकृतिक चिकित्सा तथा अन्य परम्परागत चिकित्सा पद्धतिको विकास गरिनेछ ।

२.२.३ "मेरो स्वास्थ्य मेरो जिम्मेवारी" भन्ने नारालाई साकार पार्न योग र योगसँग सम्बन्धित सेवा सुविधा सम्पन्न योग हलको निर्माण गर्न कर्णाली प्रदेश सरकार र संघीय सरकारसँग आवश्यक समन्वय तथा पहल गरिने छ।

२.२.४ गाउँपालिकाको जडिवुटी उद्यान निर्माणका लागि उपयुक्त स्थानको अध्ययन गरिनेछ ।

२.२.५ नियमित आयुर्वेद स्वास्थ्य सेवा लिन आउने सेवाग्राहीको लागि औषधि व्यवस्थापनको लागि आवश्यक वजेट छुट्याइनेछ।

२.२.६ जेष्ठ नागरिक सेवा र मातृशिशु सुरक्षार्थ स्तनपायी आमालाई दिदै आएको सेवालाई विस्तार गरिनेछ।

२.२.७ विद्यालय आयुर्वेद र योग शिक्षा कार्यक्रमलाई पालिका भित्रका मा वि तहका विद्यालयहरुमा सञ्चालन गरिनेछ।

२.२.८ पुर्वकर्म, पञ्चकर्म सेवाको लागि आवश्यक पुर्वाधारको व्यवस्थापन गरी सञ्चालन गरिनेछ।

२.२.९ परम्परागत रुपमा जडिवुटी सम्बन्धी काम गर्दै आयका स्थानीय वैद्य तथा जडिवुटी विज्ञहरुको पहिचान र सूचीकरण गरी प्रमाणिकरण गर्ने व्यवस्था मिलाईनेछ।

२.३ **<u>सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्वन्धी नीतिहरु</u>**

२.३.१ व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी,आधुनिक प्रविधिमा आधारित र जनताको पहुँच तथा सहभागितालाई सुनिश्चित गर्न प्रणालीगत सुधारका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

२.३.२ व्यक्तिगत घटना दर्ता अभियान सञ्चालन गरी घटना दर्ता र सामाजिक सुरक्षा भत्ताबाट बञ्चितमा रहेका लक्षित वर्गलाई यसको दायरामा ल्याउन अभियान सञ्चालन गरिनेछ।

२.३.३ सामाजिक सुरक्षा भत्ता वितरणमा जनसहभागिता तथा जवाफदेहिता बढाउनका लागि प्रत्येक वडा कार्यालयको सूचना पाटीमा र पालिकाको वेभसाईटमा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण त्रैमासिक रुपमा सार्वजनिक गरिनेछ।

२.३.४ अपांग, वृद्ध वृद्धाहरुलाई प्रत्येक त्रैमासिकमा वडा नं ३, ४ र ५ मा घुम्ति सेवा मार्फत वडा कार्यालयमा गई भत्ता वितरण कार्यलाई निरन्तरता दिइनेछ।

२.३.५ प्रत्येक वर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुले वडा कार्यालयमा स्वयम् उपस्थित भई नवीकरण गर्नुपर्ने व्यवस्था रहेकोमा आ.व.२०८२।०८३ देखि नवीकरण कार्यलाई व्यवस्थित गर्नको लागि प्रत्येक वडा कार्यालयहरुमा बायोमेट्रिक डिभाइस जडान गरी नवीकरण कार्य सुरु गरिनेछ।

२.३.६ गाउँपालिकाको सामाजिक सुरक्षा नीति २०८१ कार्यान्वयनका लागि विशेष पहल गरिनेछ।

२.४ <u>बहुक्षेत्रीय पोषण कार्यक्रम सम्वन्धी नीतिहरु</u>

२.४.१ सुशासन तथा संस्थागत व्यवस्था

२.४.१.१ बहुक्षेत्रीय पोषण योजना तेश्रो (MSNP-III) लाई प्रभावकारी कार्यान्वय गरिने छ र स्थानीय तहको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रणालीमा संस्थागत गरिने छ।

२.४.१.२ पालिका तथा वडा स्तरका पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिहरू तथा समन्वय समितिलाईको वैठकलाई नरन्तरता दिईने छ।

२.४.१.३ पोषणमैत्री स्थानीय शासन (NFLG) अवलम्बन तथा घोषणाका लागि आवश्यक स्रोत र बजेट सुनिश्चित गरिने छ।

२.४.१.४ पोषणसम्बन्धी तथ्यांक व्यवस्थापन, अनुगमन तथा प्रतिवेदन प्रणालीलाई सुदृढ गरिने।

२.४.२ स्वास्थ्य तथा पोषण

२.४.२.१.१ गर्भवती महिला, सुत्केरी आमा, किशोरी तथा २ वर्षमुनिका बालबालिकाको पोषण सुधारलाई प्राथमिकता दिइने छ।

२.४.२.१.२ पोषणमैत्री स्वास्थ्य संस्था (NFHF) को स्थापना गरिनेछ।

२.४.२.१.३ बाल वृद्धि अनुगमन, स्तनपान प्रवर्द्धन तथा पूरक आहार सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ।

२.५ <u>शिक्षा युवा तथा खेलकुद सम्वन्धी नीतिहरु</u>

२.५.१ गाउँपालिकास्तरीय शिक्षा ऐनको कार्यान्वयन गर्नुका साथै आबश्यक नियमावली तथा कार्यविधी तयार गरी सोही बमोजिम शैक्षिक सुधारका कार्यक्रमहरु अगाडी बढाईने छ।

२.५.२ गाउँपालिमा रहेका बालविकास केन्द्रहरु र सामुदायिक विद्यालयहरुको भौतिक निर्माण तथा व्यवस्थापनलाई प्राथमिकतामा राखिनेछ।

२.५.३ विद्यार्थी संख्याका आधारमा गाउँपालिका स्तरीय शिक्षण सहयोग अनुदान कोटा सिर्जना गरी स्वयमसेवक शिक्षक परिचालन गर्दै आएकोमा सो कार्यलाई औचित्यता र आर्थिक श्रोत विश्लेषणका आधारमा पुनर्विचार गरिनेछ।

२.५.४ सामुदायिक विद्यालयहरुमा शैक्षिक सामाग्री तथा खेल सामाग्री उपलब्ध गराउने नीति लिईनेछ।

२.५.५ बालमैत्री गाउँपालिका निर्माणको कार्यलाई अगाडि बढाईने छ ।

२.५.६ विद्यालय केन्द्रित सामुदायिक स्वास्थ्यको अवधारणा अनुरुप गाउँपालिका स्तरीय बाल क्लब र विद्यालय स्तरीय बाल क्लबहरुको नाममा सरसफाई कोष स्थापना गरी संचालनमा ल्याउन प्रयास गरिनेछ।

२.५.७ विद्यालयमा हुने आकस्मिक घटना र विपतजन्य जोखिमलाई मध्यनजर गरी विद्यालयलाई विपद प्रतिकार्य योजना निर्माण गर्न लगाई एक विद्यालय एक स्टेचर र प्राथमिक बाकस वितरण कार्यक्रमलाई क्रमश कार्यान्वयनमा ल्याइने छ।

२.५.८ विद्यालयमा लागुपदार्थ दुर्व्यसनी विरुद्ध अभियान, बालक्लबहरुको क्षमता बिकास, शिशु स्याहार सम्बन्धी अभिमुखीकरण तथा विद्यालय भर्ना अभियानलाई सघन रुपमा अगाडी बढाइनेछ.

२.५.९ सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात नमिलेको ठाउँमा दरबन्दी मिलान गर्ने कार्यक्रमलाई अगाडी बढाइनेछ ।अति न्यून विद्यार्थी रहेका विद्यालयहरुलाई नजिक विद्यालयमा समायोजन गरी शिक्षक दरबन्दी समेत मिलान गर्ने नीति लिइने छ।

२.५.१० निजी क्षेत्रद्धारा संचालित सबै शिक्षण संस्थाहरुलाई करको दायरामा ल्याइनेछ।

२.५.११ सामुदायिक सिकाई केन्द्रलाई नमूना सिकाइ केन्द्रको रुपमा विकास गरिने छ।

२.५.१२ शिक्षा क्षेत्रको गुणस्तर सुधारका लागि शैक्षिक क्षेत्रमा नविनतम प्रविधिको विकास गर्ने नीति अवलम्वन गरिनेछ र सामुदायिक विद्यालयहरुलाई नवप्रवर्तनशील र प्रविधिमैत्री बनाइनेछ।

२.५.१३ अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको सुनिश्चितता गर्न पहुँच,सहभागिता संस्थागत क्षमता र गुणस्तर अभिवृद्धि गर्न पहल गरिनेछ।

२.५.१४ बालबिकास देखि माद्यामिक तहसम्मको शिक्षाको गुणस्तरका लागि आवश्यक जनशक्ति भौतिक शैक्षिक एवम् शिक्षण सिकाई प्रक्रियामा सुधार ल्याउन आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

२.५.१५ विद्यार्थीले परीक्षामा प्राप्त गरेको परिणामको आधारमा शिक्षकको कार्य सम्पादन मूल्याङ्कन गरिनेछ।

२.५.१६ सबै तह र प्रकारका शिक्षण संस्थामा काम गर्ने शिक्षक,प्रधानाध्यापक,कर्मचारी र पदाधिकारीको पेशागत आचार संहिता तयार गरी अनुगमन र नियमनको व्यवस्थापन गरिनेछ।

२.५.१७ स्थानीय आवश्यकताको आधारमा स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

२.५.१८ शिक्षण संस्थाको प्रभावकारी अनुगमन तथा मुल्याङ्कन प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ।

२.५.१९ खेलकुद तथा अतिरिक्त क्रियाकलाप संचालन तथा व्यवस्थापन गरिनेछ।

२.५.२० विद्यालय उमेर समूहमा सबै बालबालिकालाई विद्यालय झिकाउ, टिकाउ, सिकाउ र बिकाउका लागि प्रोत्साहनमूलक कार्यक्रम संचालन गरी कम्तिमा पनि माध्यामिक शिक्षा पूरा गर्ने उपयुक्त शैक्षिक वातावरण मिलाइने छ।

२.५.२१ विद्यालयको शैक्षिक, भौतिक र मनोवैज्ञानिक व्यवस्थापन कार्यक्रम, पालिका स्तरिय परीक्षा संचालन तथा व्यवस्थापनका लागि प्रश्नपत्र बैंक निर्माण, विज्ञ शिक्षकहरुको रोष्टर निर्माण, पाठ्यक्रम र विशिष्टिकरण तालिका सम्बन्धी तालिमका कार्यक्रमहरु संचालन गरिनेछ ।

२.५.२२ परम्परागत स्थानीय प्राकृतिक चिकित्सा योग आयूर्वेदिक शिक्षाको संरक्षण र प्रबर्दनका लागि पहल गरिनेछ।

२.५.२३ बाल प्रतिभाको पहिचान, सिर्जनशील, रचनात्मक र अन्वेषणमुखी कार्यमा प्रोत्साहन कार्यक्रम लागु गरिनेछ।

२.५.२४ विद्यार्थीको प्रतिभा र रचनात्मक कार्यको अन्तर विद्यालय शैक्षिक प्रदर्शनी आयोजना, अवलोकन र प्रोत्साहन गर्न पहल गरिनेछ ।

२.५.२५ शिक्षकको निरन्तर पेशागत विकास र तालिमका कार्यक्रमहरु,कार्यशाला, सेमिनार, अवलोकन भ्रमण, प्रतिबिम्बन, शिक्षक नेटवर्क, सहकार्यात्मक रूपमा गरिने अनुसन्धान, मोनिटरिङ जस्ता कार्यक्रम संचालन गरिनेछ ।

२.५.२६ विद्यालय छोड्ने र कक्षा दोहोर्याउने दरमा न्यूनीकरण, विद्यार्थी सिकाई उपलब्धीको तुलनात्मक अध्ययन बिश्लेषण पद्धतिको विकासका लागि पहल गरिनेछ ।

२.५.२७ शैक्षिक संस्थाहरुमा पुस्तकालयको विकास, व्यवस्थापन तथा संचालन मापदण्ड तयारी गरिनेछ ।

२.५.२८ विविध प्रकारका अपाङगता भएका बालबालिकाको पहिचान,बर्गिकरण तथा अपाङगमैत्री,समावेशी, बिशेष शिक्षाको व्यवस्था, स्रोत कक्षा र विशेष विद्यालय स्थापनार्थ संघ, प्रदेश तथा विभिन्न साझेदार निकायको सहकार्यमा पहल गरिनेछ ।

२.५.२९ भवन कक्षा कोठा, फर्निचर, प्रयोगशाला, शौचालय, खानेपानी, पुस्तकालय, वुक कर्नरको व्यवस्थापनमा साझेदारी कायम गरिनेछ ।

२.५.३० प्राकृतिक विपत, जोखिम तथा महामारीबाट शिक्षा क्षेत्रलाई जोगाउन शैक्षिक क्षेत्रमा हुने विपद पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरिनेछ र विशेष परिस्थितिमा विद्यालयको शैक्षिक गतिविधिलाई निरन्तरता दिन बैकल्पिक सिकाई सहजीकरण क्रियाकलापका विभिन्न उपायहरुको निर्माण र खोजी गरी लागु गरिनेछ।

२.५.३१ विद्यालयमा बालमैत्री र डिस्पोजल सहितको शौचालय,स्वच्छ खानेपानी, विद्यालय स्वास्थ्य र सरसफाई, वृक्षारोपण, विद्यालयको आफ्नै खेल मैदान, बुक कर्नर, शैक्षिक सामग्री, उपयूक्त कक्षाकोठा, फर्निचर, विज्ञान प्रयोगशाला, पुस्तकालय र ICT ल्यावलाई व्यवस्थित गर्नु पर्ने जस्ता न्यूनतम मापदण्ड र प्रावधानलाई ध्यान दिईनेछ ।

२.५.३२ भुकम्पप्रतिरोधी, प्राकृतिक विपत्ति, जोखिम र जस्तापाता मुक्त विद्यालय भवन तथा संरचना निर्माणको नीति लिइनेछ

२.५.३३ शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सरोकारवाला निकायहरु वीच समन्वय गरिनेछ ।

२.५.३४ गाउँपालिकास्तरीय सामुदायिक तथा संस्थागत विद्यालयहरुको शैक्षिक गतिविधिहरुमा एकरुपता ल्याउन बार्षिक शैक्षिक क्यालेन्डर र विद्यालय सुधार योजना निर्माण गरी लागु गरिनेछ ।

२.५.३५ गाउँपालिकाको समग्र शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न शिक्षाको प्रोफाइल तयारी तथा सो का आधारमा गाउँ शिक्षा योजना निर्माण गरी लागु गरिनेछ ।

२.५.३६ गाउँपालिकाबाट विभिन्न शिर्षकमा जाने निकासा र अनुदानको सदुपयोग भए नभएको, विद्यालयको पठनपाठनमा प्रधानाध्यापक,शिक्षक,कर्मचारीहरुबाट हुने अनियमितता, अनुपस्थिति, हिनामिना तथा शैक्षिक क्षेत्रमा गरिने विविध खालका लापरवाहीलाई कडाइका साथ निगरानी गरी शैक्षिक सुशासन कायम गरिनेछ ।

२.५.३७ विद्यालयमा आधारभूत तह कक्षा १ देखि ३ को प्रारम्भिक कक्षा पढाई सीपको बिकास र प्रवर्द्धन गरी शैक्षिक जग बलियो बनाउन पठनमेला, प्रारम्भिक शिक्षकको क्षमता बिकास तालिम, अनुगमन र मूल्याङ्कन, शैक्षिक सामग्री व्यवस्थापन तथा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका अनुभव, नीति तथा कार्यक्रमहरूलाई विद्यालयमा लागु गर्ने नीति अवलम्बन गरिनेछ ।

२.५.३८ शिक्षा, युवा र खेलकुद क्षेत्र, विद्यालय अनुगमन, परीक्षा संचालन र व्यवस्थापन, विद्यालयको तथ्याङ्क व्यस्थापन, शैक्षिक योजना र भौतिक निर्माण, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन, बार्षिक परीक्षाको गुणस्तर परीक्षण कार्यलाई व्यवस्थित गर्दै लगिने छ ।

२.५.३९ स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक सिप विकासका अवसर सिर्जना गर्न सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक धारका कार्यक्रमहरु संचालनका लागि पहल गरिनेछ ।

२.५.४० विद्यार्थीहरुको अध्ययन तथा पालिकावासीहरुको ज्ञानको स्तर वृद्धि गर्न पालिकामा न्यूनतम एक सूचना प्रविधियूक्त सार्वजनिक पुस्तकालय स्थापना गर्न पहल गरिनेछ ।

२.५.४१ शिक्षा क्षेत्रमा लगानी बढाउन पालिका स्तरमा एक शिक्षा बिकास तथा लगानी कोषको स्थापना गर्न पहल गरिनेछ ।

२.५.४२ विद्यालय उद्यमशिलता कार्यक्रम, युवा प्रतिभा पहिचान तथा सम्मान कार्यक्रमहरुलाई प्रोत्साहित गरिनेछ

२.५.४३ गाउँपालिकाभित्रको उपयुक्त स्थानमा खेलमैदान निर्माणका लागि आबश्यक पहल गरिनेछ ।

## २.६ लैंगिक समता तथा सामाजिक समावेशीकरण सम्वन्धी नीतिहरु

२.६.१ विभिन्न विकास साझेदार तथा गाउँपालिकाको आफ्नै श्रोतमा ठाटीकाँध गाउँपालिकामा रहेका अपाङ्ग व्यक्तिहरु तथा दलित समुदायको विस्तृत प्रोफाईल तयार गरिनेछ ।

२.६.२ दिगो विकास लक्ष्य, CRC, तथा बेईजिङ्ग घोषणापत्रका बाह्र वटा सरोकारका क्षेत्रहरुलाई स्थानीयकरणका लागि अभिमुखीकरण तालिम संचालन गर्न प्रक्रिया अगाडि वढाईने छ।

२.६.३ बिभिन्न दिवसीय कार्यक्रम मार्फत समाजमा व्याप्त लैङ्गिक हिंसा , सामाजिक कुरीति र कुप्रथा विरूद्ध जनचेतनामूलक अभियान संचालन गरिने छ।

२.६.४ लैगिंक उत्तरदायी बजेट विश्लेषण एवम् लैगिंक समानता तथा सामाजिक समावेशीकरण परीक्षणलाई निरन्तरता दिईनेछ ।

२.६.५ अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकारलाई संरक्षण तथा सम्बर्द्धन गर्नका लागि अपाङ्गता परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिइनेछ र यस कार्यलाई न्यायोचित बनाउनका लागि विगतमा वितरण गरिएका पुराना अपांगता परिचयपत्रहरुलाई संशोधन तथा नविकरणको व्यवस्था गरिनेछ।

२.६.६ बालमैत्री स्थानीय शासन प्रबर्द्धनका लागि आवश्यक पर्ने न्युनतम मापदण्डहरु पुरा गर्नका लागि विभिन्न क्रियाकलाप संचालन गरिनेछ।वालमैत्री तथा अपाङ्गमैत्री विकास पूर्वाधारहरु निर्माणका लागि सजगता अपनाईने छ ।

२.६.७ महिला सदस्यद्धारा प्रबर्द्धित महिला सहकारी संस्थाहरुको क्षमता अभिवृद्दिका लागि विभिन्न सीप विकास तालिमको व्यवस्था मिलाइने छ।

२.६.८ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रमा कार्य गर्ने सम्पूर्ण सरोकारवाला निकायहरुसँग समन्वय,सहकार्य र साझेदारीमा कार्यक्रमहरु संचालन गरिने छ।

२.६.९ मानसिक स्वास्थ्य समस्या भएका नागरिकहरुका लागि सञ्चालनमा रहेका कार्यक्रमहरुलाई निरन्तरता दिँदै विभिन्न विकास साझेदारहरुसँगको समन्वयमा विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।अपाङ्ग, टुहुरा र विपन्न बालबालिकालाई आबश्यक सहयोग गर्ने नीति लिईनेछ।

२.६.१० आयोजना तथा कार्यक्रमको लैङ्गिक उत्तरदायी बजेट GRB Coding र लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षण गरिनेछ।

२.६.११ बाल पोषण भत्ताको उपयोग सम्बन्धमा अभिभावकलाई अभिमुखिकरण कार्यक्रम गरिनेछ।गाउँपालिकमा सामाजिक सुरक्षा भत्ता पाउन योग्य व्यक्तिहरुका लागि सुनिश्चित पालिका घोषणा गर्नुका साथै वालपोषण भत्ता सँगै अविभावक सचेतीकरण मापदण्डको कार्यान्वयन गरी सबै वडामा चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२.६.१२ जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र विद्यालय विमुख किशोरीहरुलाई जीवनयापन सहजीकरणका लागि लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२.६.१३ बालविबाह न्यूनिकरणका लागि अन्तरनिकाय समन्वय र कार्यात्मक क्षमता सवलीकरण कार्यक्रम गरिनेछ।

२.६.१४ छाउपडी प्रथा उन्मुलनका लागि सचेतिकरण कार्यक्रम संचालन गरिनेछ।

२.६.१५ सुनौलो हजार दिनका घरपरिवारका सासु, बुहारी वा श्रीमान श्रीमती बीच पोषण सम्बन्धी अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

२.६.१६ विभिन्न दिवसीय कार्यक्रम मार्फत स्थानीय कला, भाषा, संस्कृतिको संरक्षण तथा समाजमा व्याप्त लैङ्गिक हिंसा तथा सामाजिक कुरिति तथा कुप्रथा विरुद्ध जनचेतनामुलक अभियान संञ्चालन गरिनेछ।

२.६.१७ असहाय,अशक्त बालबालिकाहरुको संरक्षणका लागि विभिन्न निकायहरुबीच समन्य मार्फत आबश्यक कार्यक्रम सञ्चालन गरिनेछ।साथै ७० बर्षभन्दा माथिका जेष्ठ नागरिकहरुलाई सामान्य प्राथमिक उपचार घरमै गएर गर्ने व्यवस्था मिलाईनेछ ।

## ३ पूर्वाधार विकास क्षेत्र सम्वन्धी नीतिहरु :

### ३.१ भवन वस्ती आवास तथा शहरी विकास सम्बन्धी नीतिहरु

३.१.१ शहरी विकासको मापदण्ड र भवनसंहिता अनुसार घर लगायतका संरचना निर्माण गर्ने नीति लिइनेछ।

३.१.२ वीस लाख भन्दा माथिका पूर्वाधारजन्य आयोजनाहरुमा अनिवार्य विमा गर्ने नीति कडाईकासाथ लागु गरिनेछ ।

३.१.३ गाउँपालिका क्षेत्रमा भएका पक्की र कच्ची सबै घर अभिलेखीकरण गरिनेछ साथै नक्सा पास र दर्ता गरी अभिलेखीकृत गर्ने नीति लिईनेछ।अब्याबस्थित र जोखिमयुक्त क्षेत्रमा बसोवास गरिरहेका बसाई ब्याबस्थित गर्नुका साथै सुरक्षित स्थानमा स्थानान्तरण गर्न सहजिकरण गरिनेछ।

३.१.४ भुकम्प प्रतिरोधी भवन निर्माणका लागि आवश्यक सिकर्मी डकर्मी जस्ता दक्ष जनशक्ति तयार गर्न विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुको समन्वयमा उपयुक्त तालिमको व्यवस्था गरिनेछ ।

३.१.५ गाउँपालिकाभित्रका सार्वजनिक भवनहरुको अभिलेख अद्यावधिक गर्ने र मर्मत संभार तथा व्यवस्थापन गर्ने कार्य सञ्चालन गरिनेछ ।

३.१.६ सरकारी र सार्वजनिक जग्गा सहित सार्वजनिक सम्पत्तिको प्रोफाईल तयार गरी अभिलेख राखिनेछ ।साथै सरकारी र सार्वजनिक जग्गा अतिक्रमण नियन्त्रणका लागि सम्बन्धित निकाय मार्फत आबश्यक पहल गरिनेछ।

३.१.७ चालु आर्थिक बर्षमा निर्माणाधिन रहेका क्रमागत आयोजनाहरुलाई आगामी आर्थिक बर्षमा सम्पन्न गर्ने नीति अवलम्बन गरिनेछ ।

३.१.८ निर्माण कार्यको गुणस्तरीयता परिक्षण गर्नको लागि आवश्यक ल्याब सामग्री खरिद गरी मापदण्ड अनुरूपको ल्याबको निर्माण गरिनेछ ।

३.२ **सडक पुल तथा यायायात व्यवस्था सम्बन्धी नीतिहरु**

३.२.१ पालिकाको सबै वडाको केन्द्रमा बाहैं महिना सवारी साधन सञ्चालन हुने गरी सडक निर्माण तथा स्तरोन्नतिका लागि विभिन्न विकास साझेदार संस्था एवम् संघीय र प्रदेश सरकारसँगको समन्वयमा आवश्यक पहल गरिनेछ ।

३.२.२ गाउँपालिका भित्र र अन्तरपालिका सडक संजालका लागि आवश्यक समन्यात्मक पहल गरिनेछ।

३.२.३ ठाटीकाँध गाउँपालिका भित्रका मौजुदा सडक व्यवस्थित गर्नका लागि सडक गुरुयोजना निर्माण गरिनेछ।

३.२.४ ठाटीकाँध गाउँपालिका अन्तर्गतका आवश्यक स्थानमा झोलुङ्गे पुल निर्माणका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरी लागत साझेदारीमा निमार्ण कार्य अगाडी बढाइनेछ ।

३.२.५ ठाटीकाँध गाउँपालिकाको विभिन्न वडामा वर्षातको समयमा हुने आवतजावतको कठिनाईलाई हृदयङ्गम गर्दै पक्की पुल निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

३.२.६ ठाटीकाँध गाउँपालिका भित्रका सडकहरूको घुम्ती सडक सुधार, रिटेनिङ्गवाल, नाला, ग्रेडिएन्ट मिलाउनको लागि अलाइनमेन्ट परिवर्तन र ब्रेस्टवाल आदि कुरामा बिशेष ध्यान दिइनेछ।हालसम्म पनि सडक सञ्जालबाट जोडिन नसकेका ग्रामीण वस्तीहरुलाई सडक सञ्जालले जोड्न आबश्यक पहल गरिनेछ ।

३.३ **जलश्रोत विद्युत तथा स्वच्छ ऊर्जा सम्बन्धी नीतिहरु**

३.३.१ नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा सामुदायिक विद्युत विस्तार कार्यलाई निरन्तरता दिईने छ ।

३.३.२ विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको समन्वय र सहकार्यमा स्वच्छ खानेपानी आपूर्ति, सिचाँई सुविधा विस्तारका साथै मुहान संरक्षणका लागि उचित प्रबन्ध मिलाईनेछ।

३.३.३ खानेपानीको शुद्धता मापन गर्न गाउँपालिकाको कार्यालयमा एउटा खानेपानी ल्याबको व्यवस्था गरिनेछ ।

३.४ **सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नीतिहरु**

३.४.१ GSM सेवाका लागि टावर विस्तार भएपनि सेवामा गुणस्तर नदेखिएकोले टावरको क्षमता वृद्दि गर्न पहल गरिनेछ । गाउँपालिका भित्र सेलफोनको नेटवर्क बिस्तार गर्न आवश्यक पहल गरिनेछ।

३.४.२ गाउँपालिकाबाट प्रदान गरिने सम्पुर्ण सेवाको विवरण खुल्ने गरी डिजिटल नागरिक वडापत्र राख्न पहल गरिनेछ ।

३.५.१ ठाटीकाँध गाउँपालिका क्षेत्रमा रहेका प्राकृतिक रुपले मनोरम पर्यटकीय स्थानहरु मध्ये विजारे चौर, ठुल्छडी झरना, मदनताल,अधिकारी चौर, स्याउलेकाँध र धार्मिक तथा ऐतिहासिक रुपले प्रमुख मानिएका भीमपाईला,धौलापडा माई र गुफा,तोलीजोशीकी माईभगवती लगायत अन्य महत्वपूर्ण स्थानहरुको विकासका लागि समन्वयात्मक पहल गरिनेछ

३.५.२ गाउँपालिकाभित्रका मूर्त र अमूर्त सम्पदाहरुको वृत्तचित्र निर्माण गरी प्रचार प्रसार गर्ने व्यवस्था मिलाईनेछ ।

४ वन, वातावरण तथा विपद व्यवस्थापन सम्वन्धी नीतिहरु :

४.१ भू–क्षय, वाढीपहिरो, आगलागी, डढेलो नियन्त्रणका लागि विभिन्न संघ संस्थाहरुसँगको कार्यक्रम संचालन गर्न विशेष पहल गरिनेछ। साथै, ठाटीकाँध गाउँपालिकाको वडा नम्वर २,३ र ४ मा पहिरोको उच्च जोखिममा रहेका वस्तीहरुलाइ जोगाउन पहिरो नियन्त्रणको कार्यलाइ अगाडी वढाइनेछ ।हरित, लचिलो र समावेशी विकास (GRID) लाइ मुलप्रवाहीकरण गर्दै वातावरणमैत्री स्थानीय शासनका सुचकहरुलाई अबलम्बन गरी वातावरण बचाउ अभियान कार्यान्वयन गरिनेछ। प्राकृतिक वातावरण संरक्षणको लागि विविध

रचनात्मक क्रियाकलापहरु जस्तै वृक्षारोपण, सुधारिएको चुलो तथा वायोग्याँस निर्माण लगायत कार्वन उत्सर्जन घटाउने नविनतम कार्यक्रमहरु संचालन गरिनेछ।

४.२ गाउँपालिका क्षेत्र भित्रका खोला तथा पानीका मुहान, ताल, पोखरी, कुवा, धारा आदिको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

४.३ विकास योजना संचालन गर्दा साना योजनाहरुमा प्रारम्भिक वातावरणीय मूल्यांकन (IEA) र ठूला योजनाहरुमा वातावरणीय प्रभाव मूल्यांकन (EIA) गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ।

४.४ विपद्को समयमा उद्दार गर्न हरेक वडामा एक तालिम प्राप्त विपद् उद्दार समुह गठन गरी उक्त समुहलाई विपदमा उद्दार गर्न आवश्यक सामाग्री समेत उपलब्ध गराउनुका साथै विपतमा परेका व्यक्तिहरुलाई तत्कालिन र अल्पकालिन ब्यवस्थापन गर्नको लागि यस आथिक वर्षमा पनि विपद ब्यवस्थापन कोषलाइ निरन्तरता दिइनेछ।

४.५ गाउँपालिकामा गठन भएका बिपद् व्यवस्थापन समितिहरु, नीजि शैक्षिक संस्थाहरु र समुह समितिहरुको विपद् जोखिम व्यवस्थापनमा भईरहेका प्रयासहरु र भावी दिनमा गर्नुपर्ने कार्यका बारेमा गाउँपालिका स्तरमा नियमित छलफल गर्नुका साथै बिषयगत समितिहरुलाई जिम्मेवार बनाईनेछ ।

४.६ ठाटीकाँध गाउँपालिका भित्रका ६ वटै वडाका विपद् ब्यवस्थापन समितिलाइ आपतकालिन उद्धारकोतालिम दिइनेछ ।

४.७ वडाहरुमा प्रकोपका घटनाहरुको अभिलेखिकरण राख्ने ब्यवस्था मिलाईनेछ ।

४.८ पालिका स्तरिय र वडा स्तरिय समितिको नामावली र सम्पर्क नम्वर सहितको विवरण वडा र गाउँपालिकामा राख्ने ब्यवस्था गरिनेछ ।

४.९ सवै सामुदायिक वनहरुलाइ गाउँपालिकामा अभिलेखिकरणको ब्यवस्था गरिनेछ ।

४.१० सामुदायिक वनका पदाधिकारीहरुलाई तालिम र क्षमता विकास गरिनेछ ।

४.११ वन सरक्षण र हरियालीमय वन वनाउने सामुदायिक वन र सरोकारवालालाई पुरस्कार दिने तथा वन जगलको विनासमा संलग्न सामुदायिक वनहरुलाई कारवाहीको दायरामा ल्याउने नीति अवलम्वन गरिने छ ।

४.१२ गाउँपालिका भित्रका खुला क्षेत्र र अति जोखिम क्षेत्रको पहिचान गरी सोको विवरण अद्यावधिक गरिनेछ ।

४.१३ पानीका मुहानहरुको संरक्षणमा जोड दिने र पहिरो जाने सम्भावित क्षेत्रको पहिचान गरी उच्च सतर्कता अपनाउन वायोइन्जिनियरिङ्गको अवधारणा कार्यान्वयनमा जोड दिइनेछ।

४.१४ विपद् पोर्टलको अध्यावधिक र ब्यवस्थित गरी प्रयोगमा ल्याइनेछ ।

४.१५ विपदवाट वच्ने र वचाउने सन्देशमूलक तालिम र प्रदर्शनी गरिनेछ ।

४.१६ कार्यालयहरुमा हरियाली वृद्धि गर्न र रमणीय वनाउन वोटविरुवा रोप्ने र उपयुक्त स्थानहरुमा गमला राख्ने ब्यवस्था मिलाइनेछ ।

४.१७ मुहान संरक्षणका लागि अनुसन्धान गरी रिचार्ज पोखरी, चेक ड्याम लगायतका कार्यलाई प्राथमिकता दिईनेछ ।

४.१८ पानीका मुहान संरक्षण गर्ने आवश्यक्तालाई मध्यनजर गर्दै विभिन्न साझेदार संस्थासँगको समन्वयमा १ मुहान १० विरुवा रोप्ने कार्यक्रम सचालन गरिनेछ ।

४.१९ विपद् ब्यवस्थापन, जलवायु परिवर्तन तथा जैविक विविधता सम्वन्धी ज्ञान स्थानीय पाठ्यक्रममा समावेश गरी सवै विध्यालयमा सो सम्वन्धी अभिमुखिकरण गरिनेछ ।

४.२० एक विद्यार्थी एक फलफूल विरुवा रोपण र संरक्षण नीतिलाई अभियानको रुपमा कार्यान्वयनमा लगिने छ ।

४.२१ सामुदायीक वन संरक्षणमा उत्कृष्ट काम गर्ने सामुदायीक वन समुदायलाई प्रोत्साहन स्वरुप पुरष्कृत गरिने छ ।

४.२२ सशर्त प्रकृतिका योजना तथा कार्यक्रम बाहेक गाउँपालिकाबाट कार्यान्वयन गरिने सबै प्रकारका पूर्वाधारजन्य योजनाबाट अनुदान रकमको १.० प्रतिशत सम्झौताकै चरणमा कट्टी गरी भुक्तानीका बखत विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने व्यवस्था मिलाईनेछ।

५ सुशासन तथा संस्थागत विकास क्षेत्र तर्फ :

५.१ सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, स्पष्ट र पारदर्शी वनाउन नीति, कानून, सुशासन तथा न्याय प्रवर्द्धन कार्यलाई थप व्यवस्थित र प्रभावकारी वनाउँदै लगिने छ।

५.२ ठाटीकाँध गाउँपालिकाको सँगठन संरचनालाई आवश्यकता बमोजिम पुनरावलोकन गर्दै सँगठन तथा ब्यवस्थापन सर्वेक्षण (O&M Survey) गर्नुका साथै कर्मचारीहरुको कामको मुल्यांकन गरी पुरस्कार र दण्डको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। साथै जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासमा सहयोग पुग्ने खालका तालिम संचालन र अध्ययन अवलोकन भ्रमण गर्नुका साथै कर्मचारी प्रशासनलाई थप जवाफदेही, प्रतिस्पर्धी र उत्प्रेरित गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ।

५.३ ठाटीकाँध गाउँपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई स्वच्छ, निष्पक्ष, पारदर्शी र सेवाग्राहीमैत्री वनाई महत्वपूर्ण जिम्मेवारीमा रहेका कर्मचारीहरुसँग कार्यसम्पादन करार सम्झौता गरी नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्वन गरिने छ।

५.४ करको दायरालाई विस्तार गर्न अनौपचारीक रुपमा संचालनमा रहेका सबै प्रकारका ब्यवसायलाई दर्ता तथा अभिलेखिकरण गरी गाउँपालिकावाट प्रवाह हुने सेवासँग आवद्ध गरिने छ। साथै गाउँपालिका भित्र संचालनमा रहेका सम्पुर्ण उधोग ब्यवसायलाई औपचारिक रुपमा दर्ता हुन आएमा निश्चित अवधिसम्म करमा विशेष छुट तथा थप सुबिधा प्रदान गर्न कर संकलनका लागि घुम्ती शिविर संचालन गरिने छ।

५.५ गाउँपालिकाको आन्तरिक श्रोत साधनको प्रभावकारी परिचालन गर्न प्रगतिशिल कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करका दायरा विस्तार र राजस्व चुहावट नियन्त्रण प्रभावकारी वनाईनुका साथै मुल्याङ्कनमा आधारित सम्पत्ति कर घोषणाको नीति अवलम्वन गरिनेछ।

५.६ गाउँपालिकाको आवधिक योजना तयार भई कार्यान्वयनमा रहेको र मध्यमकालीन खर्च संरचना, विषय क्षेत्रगत गुरुयोजना र प्रोजेक्ट वैंक तयार गरी आगामी आर्थिक वर्षमा लागू गरिनेछ र सोहि बमोजिम वार्षिक वजेट, योजना तथा कार्यक्रम तर्जुमा गरी गाउँपालिकको विकास प्रक्रियालाई तथ्यमा आधारित,समावेशी,सहभागितामूलक तथा नतिजामूलक वनाईने छ।

५.७ कर तथा गैरकर राजश्व सम्वन्धी ऐन तर्जुमा गरी राजश्व प्रणालीलाइ सुदृढीकरण गरिने छ। राजश्वका दायरालाइ फराकिलो गर्नुका साथै राजश्व वृद्धि हुने खालका नवप्रवर्तनकारी क्षेत्रको पहिचान गरिनेछ।

५.८ गाउँपालिकासँग सिमाना जोडिएका अन्य स्थानीय तहहरू सँग समन्वय र सहकार्य गरी ठाटीकाँध गाउँपालिका क्षेत्र भित्र रहेका विभिन्न नदी तथा खोलाका घाटहरुबाट राजश्व अभिवृद्धिका लागि प्रचलित कानून बमोजिम ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् गर्ने गराउने नीति अवलम्वन गरिनेछ। ठाटीकाँध गाउँपालिकाको कर राजश्वको अभिलेख अद्यावधिक गरी राजश्व असुलीलाइ थप प्रभावकारी बनाइनेछ।

५.९ स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) अन्तर्गत थप भएको सार्वजनिक खरीद व्यवस्थापन प्रणाली, राजस्व व्यवस्थापन प्रणाली तथा विद्युतीय रकम ट्रान्स्फर प्रणालीको पूर्णरुपमा कार्यान्वयन गरी चेक रहित सेवा प्रवाह गरिनेछ।

५.१० राजश्व प्रणाली अन्तर्गत जनताले पालिकालाई बुझाउने करलाई व्यवस्थित बनाउन नेपाल सरकारले हालै लागु गरेको QR राजश्व भुक्तानी प्रणाली र Online Revenue संकलन प्रणालीलाई अनुसरण गदै सो लाई लागु गरिनेछ।

५.११ बेरूजु असुल तथा फछर्यौट गर्ने गराउने कार्यमा तदारुकता देखाउनुका साथै बेरुजु फर्स्यौटको कार्यमा खटिने जिम्मेवार कर्मचारी तथा पदाधिकारीलाई आवश्यक प्रोत्साहनको व्यवस्था गरिनेछ ।

५.१२ बेरुजु फर्स्यौट कार्यका लागि गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व ऐन र कार्यपालिका बैठकबाट लेखा समितिको कार्य सञ्चालन कार्यविधि र बेरुजु फर्स्यौट कार्यविधि पारित गरी आगामी आ ब लाई बेरुजु फर्स्यौट वर्षका रुपमा प्राथमिकताकासाथ अभियान सञ्चालन गरिनेछ।

५.१३ आगामी आर्थिक वर्षबाट वडास्तर तथा मातहतका अन्य कार्यालयमा गरिने सम्पत्तिव्यवस्थापनलाई समेत सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS V2) मा आवद्ध हुन पहल गरिनेछ ।

५.१४ पुराना तथा प्रयोग हुन नसक्ने जिन्सी सामाग्रीहरुको प्रचलित कानून बमोजिम लिलाम विक्री गर्न आवश्यक प्रक्रिया अगाडि वढाईने छ ।अधुरा तथा क्रमागत आयोजनजाहरु सम्पन्न गर्न विशेष जोड दिईनेछ ।

५.१५ नतिजामा आधारित अनुगमन तथा मूल्यांकन पद्धतिको अवलम्वन गरिनेछ ।

५.१६ ठाटीकाँध गाउँपालिकाको मेलमिलाप सम्बन्धी कानुन निर्माण भईसकेको र सो अनुसार वडास्तरमा मेलमिलाप समिति समेत गठन भईसकेकोले गठित समितिको क्षमता विकास तथा कार्य संचालनका लागि विभिन्न कार्यक्रम संचालनमा ल्याईने छ।

५.१७ मेलमिलापकर्ताहरुलाई कानूनी रुपमा मान्यता प्रदान र मेलमिलापकर्ताको रुपमा दर्ता गर्नका लागि ४८ घण्टे आधारभूत तालिम प्रदान गरिनेछ,

५.१८ नागरिक सेवा प्रवाहलाई छिटो छरितो र चुस्त वनाउनको लागि अनलाईन सिफारिस प्रणालीलाई पूर्णरुपमा कार्यान्वयन गरिने छ ।

५.१९ गाउँपालिका भित्रका विद्यालयका बालवालिकाहरुलाई सूचना प्रविधि शिक्षा प्रदान गर्नका लागि पालिका भित्रका शिक्षण संस्थाहरुको विचमा सहकार्य Academic Collaboration गरिनेछ ।

५.२० गाउँपालिकामा कार्यरत कर्मचारीलाई प्रोत्साहित गर्नका लागि योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा यसै आ व देखि आवद्ध गराईनेछ ।

५.२१ भ्रष्टाचार विरुद्धको शून्य सहनशीलताको नीति अवलम्वन गरिने छ ।

५.२२ ठाटीकाँध गाउँपालिकालाई कार्यक्षेत्र वनाई कार्यक्रम संचालन गरिरहेका विभिन्न विकास साझेदार निकायहरु तथा गैर सरकारी संघ संस्थाहरु (जलवायू परिवर्तन स्थानीय अनुकूलन परियोजना, सोसेक नेपाल, एभरेष्ट क्लव, MCDS लगायत) को सहकार्यलाई आगामी वर्षमा पनि निरन्तरता प्रदान गरिनुका साथै नयाँ विकास साझेदारहरु भित्र्याउनको लागि आवश्यक समन्वय गरिने छ ।

५.२३ यस गाउँपालिकाका विभिन्न विषयगत शाखा अन्तरगत परिचालन हुनेगरी गठन भएका सामुदायिक वन उपभोक्ता समिति, खानेपानी उपभोक्ता समिति, सिंचाई उपभोक्ता समिति, कृषक समूह, सहकारी, टोल विकास संस्था, आमा समूह लगायतका समुदायमा आधारित संस्थाहरुलाई गाउँपालिकामा दर्ता गर्ने प्रणालीलाई थप व्यवस्थित गर्नुका साथै संस्थाहरुको पालिका स्तरीय सम्वन्धित विषयगत संजाल गठन गरी परिचलान गरिनेछ । विभिन्न संजालहरुको पनि साझा संजाल स्थापना गरी परिचालन गर्नको लागि आवश्यक कानूनी व्यवस्था गरिने छ ।

५.२४ गाउँपालिका र वडा कार्यालयका कर्मचारीहरु र सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुलाई सूचना प्रविधिसँग परिचित भई समय सापेक्ष कार्यका लागि सूचना प्रविधि सम्वन्धी क्षमता विकास कार्यक्रम गरिनेछ ।

५.२५ समाजमा विकृतिको रुपमा रहेको मदिरा जस्ता लागु औषध नियन्त्रण गर्न र सुर्तीजन्य पदार्थहरुको सेवन कम गर्न सचेतनामुलक कार्यक्रम संचालन गरिने छ ।

५.२६ सशर्त प्रकृतिका योजना तथा कार्यक्रम बाहेक गाउँपालिकाबाट कार्यान्वयन गरिने सबै प्रकारका पूर्वाधारजन्य योजनाबाट अनुदान रकमको २.० प्रतिशत सम्झौताकै चरणमा कट्टी गरी भुक्तानीका बखत मर्मत संभार कोषमा जम्मा गर्ने व्यवस्थालाई आगामी आ. ब. मा समेत निरन्तरता दिईनेछ। साथै सबै योजना तथा कार्यक्रमबाट २.५ प्रतिशत रकम आयोजना व्यवस्थापन (कन्टीन्जेन्सी) वापत कट्टी गरी सो को समेत कार्ययोजना बनाई खर्च गरिनेछ।

५.२७ कार्यालयको आन्तरीक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउन कार्यालय व्यवस्थापन परिक्षण गर्ने नीति अबलम्बन गरिनेछ।

५.२८ स्थानीय शासन व्यवस्थापन सञ्चालन सम्बन्धी जनप्रतिनिधि र कर्मचारीहरुलाई क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। विषयगत समितितिका पदाधिकारीहरुलाई विषयगत समिति सम्बन्धि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

५.२९ कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहको लेखाजोखाको लागि सेवाग्राही वहिर्गमन अभिमत संकलनको नीति लिईनेछ।

५.३० सेवा प्रवाहको गुणस्तर र प्रभावकारीता सुनिश्चित गर्न कार्यालय र मातहतका सम्पुर्ण शाखा र कार्यालयको निरन्तर अनुगमन मूल्याङ्कनको नीति लिईनेछ।

५.३१ आम जनताको सेवामा सहज पहूँचका लागि सेवाको प्रकारका आधारमा घुम्ति शिविर मार्फत सेवा प्रवाह गर्ने नीति लिईनेछ।

५.३२ सेवा प्रवाहका लागि आवश्यक सीप र क्षमता अभिबृद्धि सम्बन्धी कर्मचारीहरुलाई कम्तिमा तीन दिने क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने नीति लिईनेछ।

५.३३ सबै वडा कार्यालयहरु स्वास्थ्य संस्थाहरु र कम्तिमा पनि माध्यामिक विद्यालयहरुमा ई हाजिरी जडान गरी प्रयोगमा ल्याईनेछ ।

५.३४ स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई (LGPAS) प्रभावकारी कार्यान्वयनका लागि उचित बजेट ब्यवस्थापन गरी कार्यान्वयन गरिनेछ।

गाउँसभाका सम्मानित सदस्य ज्यूहरु,

प्रस्तुत नीतिको प्रभावकारी कार्यान्वयनवाट यस गाउँपालिकाको विकास र समृद्धिमा उल्लेखनीय योगदान पुग्ने अपेक्षा गरेको छु। साथै, ठाटीकाँध गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउने नेपाल सरकार, कर्णाली प्रदेश सरकार, प्रतिनिधि सभा र प्रदेश सभाका सदस्य ज्यूहरु जननिर्वाचित प्रतिनिधि ज्यूहरु,राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरु,विकास साझेदारहरु, निजी क्षेत्र, दातृ निकायह्यरु, गाउँपालिकाका कर्मचारीहरु, आम नागरिक र सम्पूर्ण वुद्धिजीवि एवं प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु ।

अन्त्यमा, आगामी आर्थिक वर्षको प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणहरुमा रचनात्मक सल्लाह, सुझाव तथा सहयोग प्रदान गर्नुहुने विभिन्न राजनीतिक दलहरु, जनप्रतिनिधी ज्यूहरु, नागरिक समाज, पत्रकार ज्यूहरु, विभिन्न विकास साझेदार निकायहरु लगायत सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु। साथै नीति तथा कार्यक्रमको तर्जुमा कार्यमा अहोरात्र खटिने प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद